REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40hrs 18.09.2024

---

- <u>Cabinet Decision</u>

सरकारले देशभिरमा एकैसाथ चुनाउ गराउन एक राष्ट्र एक चुनाउका लागि गठित उच्च स्तरीय समितिको सिफारिसलाई स्वीकार गरेको छ। नयाँ दिल्लीमा आज पत्रकारहरूसित कुराकानी गर्दै सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले भन्नुभयो, पूर्व राष्ट्रपति श्री रामनाथ कोविन्दको अध्यक्षतामा गठित समितिले राजनीतिक दलहरू र विशेषज्ञहरूसहित हितधारकहरूसित व्यापक विचार-विमर्श गऱ्यो। उहाँले भन्नुभयो, यसलाई दुई चरणमा लागू गरिनेछ, जसअन्तर्गत पहिलो चरणमा लोकसभा र विधानसभा चुनाउ एकैसाथ हुनेछ भने पञ्चायत र नगर पालिकाहरू जस्तै स्थानीय निकाय चुनाउ आम चुनाउ भएको सय दिनभित्र गराइनेछ।

उहाँले भन्नुभयो, सरकारले विज्ञान र प्रौद्योगिकीको क्षेत्रलाई प्राथमिकता दिन चन्द्रयान-चार मिशन र भेनस अर्बिटर मिशनलाई पनि स्वीकृति दिएको छ। श्री वैष्णवले भन्नुभयो, मन्त्रीमण्डलले चन्द्रमामा सफलतापूर्वक अवतरणपछि पृथ्वीमा फर्किने प्रौद्योगिकी विकसित गर्न चन्द्र मिशनलाई स्वीकृति दिएको हो।

--------------------------------------X--------------------------------------

- <u>CBSE Registration</u>

केन्द्रिय माध्यमिक शिक्षा बोर्ड (CBSE)-को वर्ष 2025-को बोर्ड परीक्षामा भाग लिने नौं र एघारौं श्रेणीका विद्यार्थीहरूको पञ्जीकरण आजदेखि शुरू भएको छ। CBSE-को अधिसूचनाअनुसार पञ्जीकरणको अन्तिम मिति सोल्ह अक्टोबर हो। CBSE-सित सम्बद्ध विद्यालयहरूले cbse.gov.in. मा आफ्ना विद्यार्थीहरूलाई पञ्जीकरण गराउन सक्नेछन्। अधिसूचनामा भनिएअनुसार 2025-26 सत्रमा दशौं र बाह्रौं श्रेणीको बोर्ड परीक्षामा ती सबै

विद्यार्थीहरूले परीक्षा दिन सक्नेछन्, जसको नाम र विवरण उनीहरूको विद्यालयले दर्ता गरेको छ। विद्यालयहरूले विद्यार्थीहरूको विवरण दर्ता गर्नअघि CBSE पोर्टलमा आफ्नो पनि पञ्जीकरण गराउनुपर्नेछ।

--------------------------------------X--------------------------------------

- Pang Lhabsol

सिक्किमको एकताको पर्व पाङ ल्हाबसोल आज राज्यमा पारम्परिक हर्षोल्लासका साथ पालन गरियो। राज्यका मानिसहरूले यस दिन रक्षक देवता कञ्चनजङ्घा पर्वतप्रति आदर र सम्मान व्यक्त गर्दछ। तेह्रौं शताब्दीमा कावी लुङचोकमा भोटिया र लेप्चा प्रमुखहरूबीच ऐतिहासिक भ्रातृत्व सन्धिमा हस्ताक्षर गरिएको स्मृतिमा पाङ ल्हाबसोल मनाइन्छ। राज्यका मानिसहरू यस अवसरमा देश र समाजको एकताको रक्षाका लागि मिलेर काम गर्ने आफ्नो संकल्प दोहेऱ्याउँछन्।

--------------------------------------X--------------------------------------

- Governor-CM Tsuglakhang

राज्यपाल श्री ओमप्रकाश माथुर र मुख्यमन्त्री प्रेमसिंह तामाङले आज पाङ ल्हाबसोलको अवसरमा गान्तोकस्थित चुक्लाकखाङ दरबारमा आयोजित पाङ्ते छाममा सहभागिता जनाउनुभयो।

दरबारमा आइपुग्नासाथ राज्यपाललाई मुख्यमन्त्री श्री तामाङ, राजकुमार श्री ग्याल्से पाल्देन ग्युरमी नामग्याल, धर्म विभागका मन्त्री श्री सोनाम लामा, शाही परिवार तथा चुक्लाकखाङ ट्रस्टका सदस्यहरूले स्वगत जनाए।

यस अवसरमा राज्यपालले सिक्किमको शान्ति र समृद्धिका निम्ति महाकाल गोन्पो, जोन्गा ताक्से र सबै देवी देउरालीबाट आशीर्वाद लिनका साथै पाङ्ते चाम प्रस्तुति हेर्नुभयो।

यसरी नै मुख्यमन्त्रीले यहाँस्थित गुम्पाको दर्शन गर्दै सिक्किमवासीको तर्फबाट आशिर्वाद लिनुभयो अनि राज्य र राज्यवासीको कल्याणका निम्ति प्रार्थना गर्नुभयो।

श्री तामाङले भन्नुभएको छ, यस्ता सांस्कृतिक कार्यक्रमहरूको पालन गर्नाले हाम्रो विगतको सम्मान मात्र नभएर सामूहिक पहिचानलाई दह्रिलो बनाउनका साथै गौरव र निरन्तरताको भावनालाई बढावा मिल्दछ।

--------------------------------------X--------------------------------------

- <u>Pang Lhabsol Message</u>

यसैक्रममा, राज्यपाल श्री माथुर र मुख्यमन्त्री श्री तामाङले राज्यवासीलाई पाङ ल्हाबसोलको शुभकामना दिनुभएको छ। राज्यपालले आफ्नो सन्देशमा भन्नुभएको छ, पाङ ल्हाबसोल हाम्रा संरक्षक देवता कन्चनजङ्घा प्रति वार्षिक रूपमा श्रद्धाञ्जली अर्पण गर्ने र आभार व्यक्त गर्ने सबैभन्दा सम्मानित अवसर हो।

राज्यपालले यस अवसरमा राज्यवासीसित वर्गबीच भाईचारा र सद्भावलाई दह्रिलो बनाउन सामूहिक प्रयास गर्ने आह्वान गर्नुभएको छ।

मुख्यमन्त्रीले आफ्नो सन्देशमा भन्नुभएको छ, यो पर्व सिक्किमेली जन समुदायको एकता र भाईचाराको प्रतीक हो, जसले लेप्चा र भोटिया समुदायबीच कबी लुङ्चोकमा भएको ऐतिहासिक सम्बन्धलाई दर्शाउँछ। यस पर्वले हाम्रो साझा सांस्कृतिक धरोहर र समुदाय बीचको गहिरो सम्बन्धलाई प्रगाढ बनाउँदछ।

--------------------------------------X--------------------------------------

- <u>Renewal Energy</u>

उपराष्ट्रपति श्री जगदीप धनखड़ले पर्यावरणलाई बचाउन सामूहिक प्रयासको आह्वान गर्नुभएको छ। उहाँ आज गान्धीनगरमा वैश्विक नवीकरणीय ऊर्जा सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दै हुनुहुनथ्यो। उहाँले भन्नुभयो, पर्यावरणको संरक्षरणमा योगदान दिनु प्रत्येक व्यक्तिको जिम्मेवारी हो, जसबाट यो सुनिश्चित हुनसकोस् कि आउने पीढिलाई हामी रहन योग्य ग्रह दिनसकौं।

श्री धनखड़ले भन्नुभयो, भारत लगातार विकास गरिरहेछ र देशमा जमीनी स्तरमा परिवर्तन आइरहेछ। उहाँले जलवायु परिवर्तनको चुनौतीको सामना गर्न नयाँ तक्नीकिको आवश्यकतामाथि जोड़ दिनका साथै जलवायु संरक्षणका लागि भारतको व्यापक प्रयासको सराहना गर्नुभयो।

यस अवसरमा केन्द्रिय नवीन तथा नवीकरणीय ऊर्जा मन्त्री श्री प्रल्हाद जोशी र गुजरातका मुख्यमन्त्री श्री भूपेन्द्र पटेल उपस्थित हुनुहुन्थ्यो।

----------------------------------------X----------------------------------------

- <u>NPS- Vatsalya</u>

भारत सरकारले राष्ट्रव्यापी रूपमा शुरूवात गरेको राष्ट्रिय पेन्सन योजना (NPS) वात्सल्यमाथि गान्तोकमा आज एउटा महत्त्वपूर्ण कार्यक्रम आयोजन गरियो। राज्य स्तरीय ब्याङ्कर्स समिति, सिक्किमद्वारा आयोजित यस महत्त्वपूर्ण पहललाई पालन गर्न विभिन्न विद्यालयका लगभग पैंतीसजना इच्छुक विद्यार्थीहरू, शिक्षकगण र अभिभावकले भाग लिए।

यस कार्यक्रमको उद्देश्य वित्तीय साक्षरता अभिवृद्धि गर्दै युवाहरूको वित्तीय स्थिरता सुनिश्चित गर्न उनीहरूका लागि सुरक्षित बचत विकल्प उपलब्ध गर्नु हो। उपस्थित मानिसहरूले यस योजनाको लाभलाई प्राथमिकता दिन र नानीहरूलाई आफ्नो वित्तीय भविष्यको जिम्मेवारी लिनमा सशक्त बनाउन चर्चा र गतिविधिमा भाग लिए।

----------------------------------------X----------------------------------------